नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं.: ५४

मिति:२०८२/०४/२६

श्री गाउँपालिका (सबै),

श्री नगरपालिका (सबै) ।

विषयः जानकारी सम्वन्धमा ।

प्रस्तुत विषयमा राष्ट्रिय सतर्कता केन्द्रको प.सं. २०८१/०८२ च.नं. ३०९४, मिति २०८२/०२/२५ को पत्रको छायाँ प्रति थान २ (दुई) यसै साथ संलग्न राखी आवश्यक जानकारी तथा कार्यार्थ पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(प्रकाश पन्थी)

शाखा अधिकृत

बोधार्थः-

श्री राष्ट्रिय सतर्कता केन्द्र,

उजुरी व्यवस्थापन, अन्वेषण तथा अनुगमन शाखा, सिंहदरवार ।

श्री सूचना प्रविधि शाखा, सबै गाउँ/नगरपालिकाको ईमेलमार्फत पत्र प्रेषित गरी मन्त्रालयको वेबसाईटमा अपलोड गरिदिनु हुन ।

सिंहदरबार, काठमाण्डौं फोन नं.-४२००५११/४२००३०४

ईमेल:- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np

वेबसाईट:- www.mofaga.gov.np

6/8/2025

नेपाल सरकार
# राष्ट्रिय सतर्कता केन्द्र
उजुरी व्यवस्थापन, अन्वेषण तथा अनुगमन शाखा
सिंहदरबार, काठमाण्डौ

प.सं. :- ०८१/८२
च.नं. :- ३०९४

मिति :- वि.सं. २०८२/०२/२५

विषय: निर्देशन सम्बन्धमा ।

श्री स्थानीय तह (सबै),
मार्फत श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौ ।

उपरोक्त सम्बन्धमा केही सार्वजनिक विद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरुले विद्यालयको काम भन्दा बढि गैरसरकारी संस्थाको काममा संलग्न हुने गरेको व्यहोराका उजुरीहरु यस केन्द्रमा दर्ता हुने गरेका छन् । यसरी सार्वजनिक विद्यालयका प्रधानाध्यापक र शिक्षकहरु गैर सरकारी संघ-संस्थाका काममा संलग्न हुँदा विद्यालयको पठन-पाठन प्रभावित हुने गरेको र गाउँपालिकाको काममा समेत हस्तक्षेप हुने गरेको विषयहरु सुधार गरीपाउँ भनी उजुरीमा उल्लेख भई आउने गरेको छ ।

सोही सन्दर्भमा देशभर रहेका सार्वजनिक विद्यालयका प्रधानाध्यापक र शिक्षकहरुले पठन-पाठन बाहेकका के-कस्ता कृयाकलापमा भाग लिन पाउने हो सो को स्पष्ट आधार तोकी त्यस्ता आधार पूरा भएमा मात्र त्यस्ता क्रियाकलापमा संलग्न हुने पूर्व स्विकृति प्रदान गर्ने गरी कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्न सम्बन्धित निकायहरुलाई निर्देशन दिने मिति २०८२/०२/२१ को (सचिवस्तर) निर्णय भएकोले सोही बमोजिम गर्नु गराउनु हुन अनुरोध छ ।

..................................
(सीता आचार्य)
शाखा अधिकृत

6/8/2025

नेपाल सरकार

# राष्ट्रिय सतर्कता केन्द्र

## उजुरी व्यवस्थापन, अन्वेषण तथा अनुगमन शाखा

सिंहदरबार, काठमाण्डौ

नेपाल सरकार राष्ट्रिय सतर्कता केन्द्र सिंहदरवार, काठमाण्डौ

प.सं. :- ०८१/८२

च.नं. :- ३०९८

मिति :- वि.सं. २०८२/०२/२५

विषय: पत्राचार गरिदिने सम्बन्धमा ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन म
दर्ता नं.:- ४०६२
दर्ता मिति:- २०८२/०२/२६

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाण्डौ।

उपरोक्त सम्बन्धमा केही सार्वजनिक विद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरुले विद्यालयको काम भन्दा बढि गैरसरकारी संस्थाको काममा संलग्न हुने गरेको व्यहोराका उजुरीहरु यस केन्द्रमा दर्ता हुने गरेको सम्बन्धमा यसै पत्रसाथ संलग्न निर्देशन सम्बन्धी पत्र सबै स्थानीय तहहरुमा पत्राचार गरी सो को जानकारी यस केन्द्रलाई उपलब्ध गराई दिनु हुन निर्णयानुसार अनुरोध छ ।

(लोक नाथ भुसाल)
उप सचिव

इमेलः navic@nvc.gov.np, admin@nvc.gov.np, वेवसाइटः www.nvc.gov.np, हटलाईनः ४२००३४५, ४२००३३९, ४२००४००, ४२००३४९, ४२००३५०, ४२००३५१, ४२००४५५, ४२११८२८, ४२००४१२